**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना,**

**परियोजना व्यवस्थापन ईकाई, बसुन्धरा, काठमाण्डौ**

मिति २०७४/०२/०१

**विषयः प्रि-विड मिटिङमा भएका छलफल सम्बन्धि जानकारी ।**

मिति २०७४/०२/०१ गते यस परियोजनका कर्मचारी तथा ईच्छुक बोलपत्र दाताका प्रतिनिधिको उपस्थितिमा बोलपत्र आवह्न सम्बन्धि प्रि-विड मिटिङ बसि छलफलका निष्कर्श सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

- मिति २०७४/०१/१६ गतेको अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिकमा यस परियोजनाको बोलपत्र आवह्वान सम्बन्धि प्रकाशित सुचना मार्फत Soil Testing Mobile Laboratory Van (NCB/G/73-74/08) तथा RBPR Testing Mobile Laboratory Van (NCB/G/73-74/9) को खरिद कार्य अघि बढाईको छ ।
- उक्त दुवै बोलपत्रहरु विद्युतिय माध्यम e-bidding (www.bolpatra.gov.np) मार्फत समेत नियमानुसार पेश गर्न सकिने प्रावधान रहेकोमा, प्राविधिक कारणले दुवै ठेक्काका बोल पत्रहरुका e-copy मा विस्तृत स्पेशिफिकेशनमा त्रुटी रहन गएको हुदाँ सोहि website मा मिति २०७४/०१/२५ मा upload गरीएको स्पेशिफिकेशन सुधार सम्बन्धि सुचना तथा संसोधित स्पेशिफिकेशन (Amendment 2 & 3) थप गरीएको हुदाँ ईच्छुक बोलपत्र दाताहरुलाई सोही संसोधित स्पेशिफिकेशन बमोजिमको बोलपत्र अध्ययन गरी पेश गर्न अनुरोध गरिन्छ ।
- दुवै ठेक्काका मोवाईल प्रयोगशाला भ्यानको भित्रि डिजाईन तथा ड्रईङ, संभावित उत्पादक कम्पनिको परामर्शमा संबन्धित बोलपत्रदाताले पेश गर्नु पर्ने छ । ठेक्का छनौट भई सम्झौता भएको खण्डमा उक्त प्रयोगशाला भ्यानको निर्माण / फेब्रिकेशन सोहि डिजाईन बमोजिम सम्बन्धित गाडी / भ्यान उत्पादक कम्पनि बाटनै तोकिएको मापदण्ड अनुसार हुनुपर्ने छ ।
- विद्युतिय माध्यम (e-biding) बाट बोलपत्र पेश गर्न सकिने भए पनि, हस्ताक्षर गरी छाप लागेको सक्कल बोलपत्र (हार्ड कपि) समेत बोलपत्र पेश गर्न सकिने सयम भित्र यस परियोजनामा पेश गर्न अनिवार्य रहेको सबैमा जानकारीका लागि अनुरोध छ ।
- बोलपत्र खरिदका लागि नियमानुसार जम्मा गर्नुपर्ने राजस्व रकम यस परियोजनाको आर्थिक प्रशासन शाखामा वा राष्ट्रिय बाणिज्य बैंक, ठमेल शाखामा सिधै जम्मा गर्न सकिने प्रावधान रहेकोमा मिति २०७४/०१/१६ गते प्रकाशित सुचनामा यस परियोजनाको खाता नम्बर पूर्णरुपमा उल्लेख नरहेको हुदाँ तपशिल अनुसारको खाता नं. सम्बन्धि सवैका लागि जानकारीका लागि अनुरोध छ ।

खाता नम्बर : ११००१

कार्यालय कोड : २७-३१२/४२

राजस्व दाखिला शि.नं. : १४२२७

कार्यालयको नाम : प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना,
परियोजना व्यवस्थापन ईकाई, बसुन्धरा, काठमाण्डौ ।

(अच्युत प्रसाद ढकाल)
परियोजना निर्देशक